## कामको फोहोर थोरै मात्रामा भए पनि घरको फोहोर फाल्ने ठाउँ मा फाल्न पाइन्न ।

कामको फोहोरमा कम्पनीहरू, पसल, कार्यालय, रेस्टुरेन्ट, कारखाना, समाजीक सुविधाका संरचनाहरु ,सरकारीकार्यालय, स्कूलहरू, आदि पर्दछ । तपाई कुन काम गर्नुहुन्छ भन्ने कुराले फरक पार्दैन, तपाई को काम चाहे ठूलो होस् चाहे सानो होस् चाहे यो कम्पनी होस् वा व्यक्तिगत व्यवसाय जे भए पनि फरक पर्दैन ।

※अवैध रुपमा फोहोर फाल्ने र जलाउने कार्यलाई जापानी फोहोर प्रशोधन तथा सरसफाइ सम्बन्धि कानून(फोहोरमैला प्रशोधन कानून) द्वारा दण्डित गरिन्छ।

कामको फोहोर को प्रकारहरू र यसलाई व्यबस्थित गर्ने तरीका

| फोहोर को प्रकार | स्पष्टीकरण/ व्याख्या | व्यबस्थित गर्ने तरीका |
|---|---|---|
| **औधोगिक फोहोर** | प्लास्टिकउत्पादनहरू,कपडा(रासायनिक फाइबर), धातु (र्याक, अफिस डेस्क,आदि), सिरेमिकहरू जस्तैचियाकचौरा,गिलास, आदि। | औधोगिक फोहोर प्रशोधन लाइसेन्स प्राप्त कम्पनीसँग लिखित सम्झौता गर्नुहोस्।<br>※सेन्दाई शहरको फोहोर प्रशोधन केन्द्रमा लैजान पाइने छैन । |
| **पुन:प्रयोगयोग्य वस्तु** | कागजातहरू जस्तै समाचार पत्रहरू,म्यागजिनहरू, काटुनहरू, नोटगर्ने प्रयोगगरिएका कागजहरू, श्रेडर मेसिन बाट निस्किएका कागज , इत्यादि। | 1 सेन्दाई शहरको कागजात फोहोर हरु संकलन गर्ने कम्पनि मा लिएर जाने<br>2 निजी कागज संग्रह स्टेशनमा लिएर जाने<br>3 कागज संकलन कम्पनी अथवा प्रयोग गरिएको कागज पुन: प्रयोग गर्ने थोक बिक्रेतालाई लैजान अनुरोध गर्ने<br>4 सेन्दाई शहरको फोहोर हरु संकलन गर्ने कम्पनि अथवा फोहोर बोक्ने लाइसेंस प्राप्त कम्पनी संग सम्झौता गर्ने<br>१ बाट ४ मध्ये को जुन तरिका पनि प्रयोग गर्न सक्नुहुन्छ |
| | पेय पदार्थ को क्यान सिसाको बोतल हरु र प्लास्टिक को बोतल हरु | 1 सेन्दाई शहरको फोहोर हरु संकलन गर्ने कम्पनि अथवा फोहोर बोक्ने लाइसेंस प्राप्त कम्पनी संग सम्झौता गर्ने (विशेष फोहोर फाल्ने झोला आदि खरीद गर्नुहोस्।)<br>2 सेन्दाई शहरको पुन प्रयोग गर्ने सेन्टर मा लिएर जाने (शुल्क लाग्नेछ)<br>3 निजी स्रोतको पुन प्रयोग गर्ने स्थान मा लिएर जाने<br>१ बाट ३ मध्ये को जुन तरिका पनि प्रयोग गर्न सक्नुहुन्छ |
| **दहनशील(कुहिने /जल्ने)फोहोर**<br>फोहोरलाई औधोगिक फोहोर र पुन प्रयोग हुने फोहोर विभाजन गरेपछी निस्कने /बाकी रहने फोहोर | सड्ने फोहोर, रुख को हागा ,काठ बाट निर्मित बस्तु (कुर्ची /टेबल /र्याक इत्यादि )चपेस्तिक ,पुन प्रयोग नहुने कागज ,रुख को झरेको पात, घाँस पात, कपडा (कपास वा रेसम इत्यादि को प्राकृतिक वस्तुहरु ) | 1 सेन्दाई शहरको फोहोर हरु संकलन गर्ने कम्पनि अथवा फोहोर बोक्ने लाइसेंस प्राप्त कम्पनी संग सम्झौता गर्ने(विशेष फोहोर फाल्ने झोला आदि खरीद गर्नुहोस्।)<br>2 सम्बन्धित कम्पनी ले आफै सेन्दाइ शहर को फोहोर संकलन गर्ने सम्बन्धित ठाउँ मा लिएर जान्छ (शुल्क लाग्नेछ)<br>१ बाट २ मध्ये को जुन तरिका पनि प्रयोग गर्न सक्नुहुन्छ |

सम्पर्क स्थान फोन नम्बर

जापानिज भाषा को लागि : व्यापारिक फोहोर (जलनसिल फोहोर, कागज, पेय पदार्थ को क्यान ,सिसाको बोतल ,प्लास्टिक बोतल )सम्बन्धि

व्यापारिक फोहोर वजन घटाउने प्रशिक्षण बिभाग : ०२२-२१४-८६७९

औद्योगिक फोहोरको बारेमा व्यवसाय फोहोर घटाउने व्यवसाय बिभाग : ०२२-२१४-८२३५

जापानिज भाषा बाहेक अन्य भाषा को लागि /अनुबाद सपोर्ट फोन

(सेन्दाई बहु सांस्कृतिक केन्द्र प्रत्यक दिन विहान ९ बजे बाट वेलुका ५ बजे सम्म) : ०२२-२२४-१९१९

※त्यहाँ महिनामा एक वा दुई पटक जति विदा हुन्छ।

ネパール語
2021.1